एमाले उदयपुरमा सर्वसम्मत नेतृत्वको सम्भावना बढ्यो

एक्सप्रेस सम्वाददाता

उदयपुर, पुस २५ ।

उदयपुर सदरमुकाम गाइघाटमा जारी नेकपा एमालेको आठौं जिल्ला अधिवेशनबाट सर्वसम्मत रुपमा नेतृत्व चयन हुने सम्भावना बढ्न थालेको छ। अधिवेशन सम्पन्नतामा भएदै आएकाछन् आकांक्षी देखिए पनि अन्तिम समय दावी गर्नेहरुको संख्या घट्दै जान्दासे पार्टी सांगठनिक एकताकुरा उन्मुख देखिएको हो।

स्रोतका अनुसार पछिल्लो समय जारी पदाधिकारी आकांक्षीबीचको 'वान टु वान' छलफलमा अध्यक्षका लागि दुई जनाको मात्र दावी देखिएको छ। अध्यक्षमा दावी गर्ने पूर्वमेयर धिर्मिरे, कुलबाबु बम्जन, काजु नामा, महेशबहादुर परियार र आनन्द थेप्रुमध्ये बम्जनले अघिल्लो दिन नै सचिवका लागि उम्मेदवारी घोषणा गरीसकेका छन्। त्यस्तै कटारी नगरपालिका मेयरसमेत रहेका अर्का अध्यक्ष आकांक्षी थेप्रुले पनि उपाध्यक्षमा उम्मेदवारी घोषणा गरेका छन्।

अर्का अध्यक्ष आकांक्षी काजु नामा पनि अध्यक्षको दावीबाट पछि हटेर मनसायमा रहेको स्रोत बताउछ। पार्टीको आन्तरिक छलफलमा नामालाई निकट चुनावमा चौदण्डीगढी नगरपालिका क्षेत्रको कुनै महत्वपूर्ण जिम्मेवारी दिने कुरामा सहमति जुटाउने प्रयास भइरहेको बताइन्छ।

साथ साथै अध्यक्षका दुइ दावेदार धिर्मिरे र परियारबीच समेत सहमति जुटाएर पार्टी नेतृत्व सर्वसम्मत बनाउन कसरत भइरहेको एक नेताले बताए। उनका अनुसार सम्भवतः अर्को केही घण्टाभित्र परियारलाई कुनै महत्वपूर्ण पदमा गर्दै धिर्मिरेको नाम अध्यक्षको रुपमा घोषणा हुन सक्ने सम्भावना बढेको छ। यता उपाध्यक्षमा थेप्रुको सम्भावना रहेको स्रोत बताउछ। सचिवका लागि पनि अघिल्लोसम्म बम्जेन नै सम्भावित देखिएको आन्तरिक छलफल उद्धृत गर्दै एक नेताले जानकारी दिए। बढ्दो सचिवका अर्का आकांक्षीहरु टंकबहादुर राउत र सम्भु पौडेलले पनि सचिवमा दावी गर्दै आएका छन्। उपसचिवका लागि भने हुदु महिला नेतृत्वमा मदेशवादी गइमाइ पार्टीको विसुना नगरपालिका क्षेत्रमा कुनै महत्वपूर्ण जिम्मेवारी दिने गरी अर्का आकांक्षी निर्जला दनुवारलाई अगाडि बढाउने प्रयास भइरहेको छ।

अघिल्लोसम्म सकारात्मक देखिने चर्चारहेको छलफलमा आकांक्षीहरु सहमतिमा नआए उम्मेदवारी दिने व्यवस्था मिर्जेना भए केही पदका लागि चुनावबारे पुनर्विचार हुनसक्ने स्रोतको भनाई छ। स्रोतका अनुसार सोमवार बिहान ११:०० बजेभित्र आन्तरिक चुनाव वा सहमतीको अन्तिम नामावली बाचनीक हुने बताइएको छ।

यसरी उकालो लाग्यो संक्रमण दर

एक्सप्रेस सम्वाददाता

काठमाडौं, पुस २५ ।

पुस १९ गतेदेखि कोरोना भाइरसको दैनिक संक्रमण वृद्धि हुँदै गएको छ। पुस १९ गते औसत १०० जनामा कोरोना परीक्षण गर्दा २६ जनामा संक्रमण देखिएकामा पुस २५ गते भने ९२४ जनामा देखिएको छ। पछिल्लो २४ घण्टामा १२ हजार ६३२ परीक्षण पीसीआर र एन्टिजेन द्वारा ११६७ जनामा संक्रमण पुष्टि भएको छ। संक्रमित दोब संख्या दोब्बर भन्दा माथि पुगेको हो।

काठमाडौं उपत्यकाका तीन ठूला शहरमा दैनिक कोरोना संक्रमित संख्या बढ्दो छ। दैनिक संक्रमण हुने संख्या बढ्दै जाँदा संघीय राजधानी काठमाडौं उपत्यका कोरोना संक्रमण फैलाउनको केन्द्र बन्न सक्ने खतरा बढ्दै गएको देखिन्छ। संक्रामक रोग विशेषज्ञ डा. सोरुबहादुर पुन दोब्बा शहरमा पनि शहरबाटै सामुदायिक कोरोना फैलिएको बताउँछन्। अहिले पनि विशेष गरेर ठूला शहरहरु काठमाडौं, भक्तपुर र ललितपुरमा संक्रमित संख्या बढ्दो छ। यो स्वभाविक पनि हो। जनसंख्याको भारपनुई पनि यता बढी जनघनत्व भएको ठाउँमा संक्रमणले गति लिन्छ उनले भने।

सरकारले नेपालमा अहिलेसम्म २७ जनामा ओमिक्रोन संक्रमण पुष्टि भएको दावी गरेको छ। भारतमा ओमिक्रोनको संक्रमण तीव्र गतिमा फैलिरहेको छ। भारतसंगको खुला सीमा नाकाका कारण मानिसहरु महाजै नेपाल भित्रिएका छन्। भारतबाट नेपाल भित्रिएका धेरै नागरिकमा संक्रमण पुष्टि भइरहेको छ। सीमा नाकामा एन्टिजेन परीक्षण नभएकाहरु महाजै देशका विभिन्न भागमा पुगिरहेका छन्। उनीहरुबाट संक्रमण फैलने खतरा रहेको डा. पुन बताउँछन्।

स्वास्थ्य मन्त्रालयको तथ्यांक अनुसार पछिल्लो २४ घण्टामा काठमाडौं, ललितपुर र भक्तपुरमा ६१४ जनामा संक्रमण पुष्टि भएको छ। यो संख्या कुल संक्रमित संख्याको आधाभन्दा बढी हो। पुस १९ गते काठमाडौं जिल्लामा १४० जना संक्रमित घोषिएका थिए। तर पुस २५ गते यो संख्या ४९१ पुगेको छ। त्यस्तै भक्तपुरमा पुस १९ गते १६ जना मात्रै संक्रमित घोषिएका थिए। तर पुस २५ गते यो संख्या बढेर २५ मा पुगेको छ। यस्तै ललितपुरमा पुस १९ गते २८ जना संक्रमित घोषिएका थिए। तर आइतबार यो संख्या बढेर ९२ पुगेको छ।

स्वास्थ्य मन्त्रालयको तथ्यांक अनुसार भारतसंग सिमाना जोडिएका शहरमा पनि संक्रमितको संख्या बढिरहेको छ। भारतको बिराटनगर र म्यनेहीको कृष्णनगर शहरमा पछिल्लो समय दैनिक कोरोना संक्रमण पुष्टि हुने संख्या बढ्दो छ। भारतमा पछिल्लो २४ घण्टामा ४१ जनामा संक्रमण पुष्टि भएको छ। त्यता पुस २३ गते २९ र पुस २४ गते १६ जनामा संक्रमण पुष्टि भएको छ। हेल्थ डेस्कमा दैनिक संक्रमण पुष्टि हुने -बाँकी ४ पेजमा

जनताको नजरमा...

बढी विन्दुवाट प्रदेश सरकार गिराउने र बनाउने विकृतपूर्ण खेल सुरु भएको हो। एमाले, मधेसवादी समाजवादी अनुसार ४ वटा प्रदेशमा एमाले र २ वटा माओवादीले प्रदेश सरकारको नेतृत्व गर्ने सहमति थियो। उक्त सहमतिलाई सम्मान्नुपर्ने जोडीको छवी निर्देशनमा जब आफ्नै पार्टी भित्रबाट अविश्वास प्रस्ताव ल्याउन सरियो, त्यसले चुपचाप पनिपछी भूमिकामा सीमित रहेको कांग्रेसलाई प्रदेश सरकारहरुको नेतृत्व गर्ने सुअवसर प्रदान गरिदियो। ४ वटा प्रदेशको नेतृत्व समातेको एमाले अहिले देशैभरि सत्तायुत छ। साथ नया नेतृत्व चयन भएका प्रदेशमा कांग्रेस, माओवादी, एकीकृत समाजवादी गठबन्धनले पनि सत्ताको भागबन्डा मिलाउन मन्त्रालय फुटाउने र मन्त्री बढ्ने क्रम जारी राखेका छन्। प्रदेश २ मा जसपाले पनि यही नीति पछ्याएको। तर बुझ्नुपर्ने कुरा गलत काममको असर परिणाम आउँदैन। यसको परिणाम पनि कालान्तरमा राम्रो आउने अपेक्षा गर्न सकिँदैन। संघीयताप्राप्ति जनता विश्वस्त भए यसकोरा र यसको कार्यान्वयन चुनौतीपूर्ण बनिरहेको बेला नकारात्मक सन्देश जाने यस्ता क्रियाकलापप्रति दलहरु चनाखो हुनुपर्दछ।

संविधानमा आवश्यकताअनुसार २० प्रतिशत मन्त्रि पनि संघीय प्रशासनिक पुनर्संरचना समितिले तोकेर प्रदेशमा साना भन्दा बढी मन्त्रालय नबनाउन सुझाव दिएको थियो। उक्त सुझावलाई बेवास्ता गर्दै एउटै प्रदेशले १४ वटासम्म मन्त्रालय बनाएका छन्। गठबन्धन सरकारमा दलहरुका आ-आफ्ना बाध्यता होलान् तर जनतालाई यो भारीभरकम मन्त्री र मन्त्रालय गठन त्यति सोफकर लागेको छैन।

अनावश्यक व्यवभार पर्ने गरी मन्त्रालय र मन्त्री बढाउने विकृतिले कारण संघीयता किन चाहियो, प्रदेश सरकार किन चाहियो भनेर प्रश्न उठ्न थालेको छ। कार्यान्वयनको प्रारम्भिक चरणमा रहेको संघीय सासन प्रणालीप्रति नै वितृष्णा आउने गरी उदाहरणले कायम राजनीतिक संविधि सन् दुभाग्यपूर्ण हुन्छ। त्यसैले २० प्रतिशतसम्मको प्रदेश मन्त्रिपरिषद बनाउन मिल्ने अहिलेको संवैधानिक व्यवस्थालाई हटाएर १० मा झार्नु उपयुक्त देखिन्छ। सार्वजनिक खर्च पुनरावलोकन आयोगको अध्यक्षसमेत रहेका अर्थमन्त्री डा. विष्णुराज खनाल प्रदेशमा ६/७ वटाभन्दा बढी मन्त्रालय बनाउदा राज्यकोषले बेस नगर्ने बनाउँछन्।

खर्चमा मितव्ययिता होस्, स्रोतसाधनको दुरुपयोग नहोस् भनेर सुस्तानी चरणमा बढी जम्मास भयो। तर, राजनीतिक कोसे दायाँबायाँ हुदा त्यसको प्रभाव प्रदेशमा पनि पर्न गयो। यसलाई राज्यकोषले बेस नबदेस। प्रशासनिक खर्च बढ्न भनेको अनुपादक क्षेत्रमा बजेट लान्नु हो। यसरी त सोचेजस्तो संघीयतालाई अंगीकार गरेको स्पिरिट पनि मिल्दैन।

अधिकारसम्पन्न संघीय प्रशासनिक पुनर्संरचना समितिका संयोजक काशीराज दाहाल पनि प्रदेशमा मालभन्दा धेरै मन्त्रालय आवश्यक नरहेको बताउँछन्। यसबारे समितिले सुझाव दिइसकेको थियो। तर, आवश्यकताले भन्दा पनि सत्ता दिइएका र राजनीतिक नेता व्यवस्थापनका लागि मात्र मन्त्रालय बनेर काम भएको दाबीलको आरोप छ। यो क्रममा ०४८ देखिको हो, अहिले संघीयतामा भने झनैराम्रो। प्रशासनिक खर्चले दिशा विक्षप्त हुँदैन, सोचेजस्तो विकास पनि हुँदैन। यस्तै विकृतिले गर्दा संघीयता किन चाहियो, प्रदेश संरचना किन चाहियो भनेर प्रश्न उठ्न थाल्नु स्वभाविक हुन्छ। अहिले देखिएको अवस्था हेर्दा नीतिमा संघीयता बनाएले पनि नियममा यसको विपरीत सोचविधि अघि बढेको भान पर्दछ। दलहरु बनाउनेमा गम्भीर नभए संघीयता मुलुकका लागि अफापसिद्ध बन्न खतरा छ।

वागमती प्रदेशको प्रदेश नीति तथा योजना आयोगको सदस्य लामिछाने पूर्व संविधान सभा सदस्य हुन्।

लिम्चुङबुङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बाराह १ उदयपुर
१ नम्बर प्रदेश नेपाल

सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी

पहिलो पटक प्रकाशितमिति : २०७८/९/२६

प्रस्तुतविषयमा यस लिम्चुङबुङ गाउँपालिकाअन्तर्गत अ.सब-इन्जिनियरपदमाकर्मचारी सेवा करारमा लिनुपर्ने भएकाले योग्यतापुगेका इच्छुक नेपालीनागरिकले अदिनभित्रमागबमोजिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिसहितताँकिएको फारम भरी यस कार्यालयमा दरखास्तदिनुहुन अनुरोध छ।

तपसिल :

क्र.स.	विज्ञापन नं	पद	सेवा	तह	माग संख्या	परीक्षा दस्तुर	कैफियत
१	४/०७८/०७९	अ.सब-इन्जिनियर	प्राविधिक	चौथो	१	रु. ५००/-	

१.आवश्यकन्युनतम योग्यता:

क) सिभिलइन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तहवाओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको,

ख) अनुभवर सीपर

- पूर्वाधार निर्माण र मर्मतकार्यगिआयोजनाको लागतअनुमान, सुपरिवेक्षण र अन्तिमलागतविवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमाकाम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहितकम्तीमा ६ महिनाको अनुभवभएको ।
- भवननिर्माण, डिजाइन लागतअनुमानतथाअनुगमन सम्बन्धिकम्तिमा ६ महिनाको अनुभवभएको ।

ग) **उमेर:**महिलाको हकमाकम्तीमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र पुरुषको हकमाकम्तिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको

२. दरखास्तदिने स्थान:लिम्चुङबुङ गाउँपालिकाको कार्यालय बाराहा, उदयपुर र यस गाउँपालिकाको ईमेल ठेगाना : ito.limchunbunmun@gmail.com मा समेत दरखास्तदिन सकिनेछ।

३.दरखास्तदिने अन्तिममिति : २०७८ /१०/२ गते कार्यालय समयभित्रयदि सो दिन सार्वजनिकबिदा पर्न गएमा सोको भोलिपल्ट समेत दिन सकिनेछ।

४. दरखास्त दस्तुर बापतको रकम यस लिम्चुङबुङ गाउँपालिकामा रहेको नेपालएसबिआई (SBI) बैक लिम्चुङबुङ शाखामा रहेको खाता न. **४३२९५२४१२०७००४** (आन्तरिक राजश्वखाता) मा बुझाई सो को सक्कल रसिद दरखास्तफारम साथ राख्नु पर्नेछ।

५. **दरखास्तफारम पाईने स्थान** : लिम्चुङबुङ गाउँपालिकाको कार्यालय साथै यस गाउँपालिकाको website: http://www.limchungbungmun.gov.npमा समेत पाउन सकिनेछ।

६. परीक्षामिति : कार्यालयले तोके बमोजिम ।

७. छनौटको किसिम : लिखित, र अन्तरवार्ता ।

८. आवेदनतथा संलग्नकागजातपठहर :आवेदक स्वयले प्रमाणित गरेको देहायबमोजिमको प्रतिलिपिहरु,

क) नेपालीनागरिकताको प्रमाणीत प्रतिलिपि

ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि

ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

घ) अनुभवभएअनुभवखुल्ने कागजातपत्र

ङ) २ प्रतिहाल सालबिचेको पासपोर्ट साइजको फोटो

९. सेवा सुविधा : आपसी समझदारीमाहुनेछ।

विस्तृत जानकारीको लागिलिम्चुङबुङ गाउँपालिकाको इन्जिनियर श्री शरद चौधरी सम्पर्क न ९८४२८३७२२वा कम्प्यूटर अपरेटर श्री बिषन राईको सम्पर्क नं ९८६३८६९५१३ मा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत